# वेदकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स :२०८१/०८२
च.न.: ४०६६

मिति २०८२/०२/२७

**विषयः कन्सुलर विभागबाट प्रदान गरिने सेवाका सुविधा नगरपालिकाबाट उपलव्ध हुने वारे ।**

श्री सरोकारवाला सवै

प्रस्तुत विषयमा श्रम स्विकृति लिएर वैदेशिक रोजगारमा रहेका श्रमिकको हकमा वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत कल्याणकारी सेवाहरु (खोजतलास, उद्धार, क्षतिपूर्ति, छात्रवृती, स्वास्थ्य उपचार आदि) यस नगरपालिका मार्फत प्रदान गरिदै आएको र कन्सुलर सेवा विभागवाट प्रदान गरिने तपसिलका सेवाहरु समेत विभागको अनलाईन प्रणाली प्रयोग गरि यस नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत प्रदान गर्न सुचारु गरिएकोले जुनसुकै अवस्थामा विदेशमा रहेका व्यक्तिहरु समस्यामा परेको लगायत तपसिलका सेवा आवश्यक परेमा सम्बन्धित सरोकारवालाहरुलाई यस नगरपालिका स्थित रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन सम्बन्धित सवैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

सेवाहरूः

१. विदेशमा रहेका व्यक्तिहरूको खोजतलास / उद्धार गर्न
२. वैदेशिक रोजगारको सिलसिलामा विदेशमा कुनै कारणले मृत्यु भएमा शव झिकाउन र शव घर सम्म ल्याउन
३. घाइते वा मृतकको हकमा क्षतिपूर्ति वा बीमा रकम दाबी गर्न
४. विदेशमा समस्यामा परेको जानकारी / गुनासो
५. कानुनी परामर्श तथा सहायता
६. विदेशमा आवश्यक कागजातहरूको लागि (कानुनी हकदार प्रमाणित, मृतकको धार्मिक आस्था प्रमाणित आदि)

.....................
हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>सादर बोधार्थ तथा अवगतार्थः</u>
श्रीमान नगर प्रमुख ज्यूको सचिवालय
श्रीमान नगर उप-प्रमुख ज्यूको सचिवालय
श्री सुचना प्रविधि शाखाः Website सुचना Upload गरिदिनहुन